यस व्यास नगर कार्यपालिकाको १७५ औं बैठक आज मिति २०८०/०७/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | अनुपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री रामकृष्ण अधिकारी | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री सुवास वाग्ले | उपस्थित |
| अधिकृत सातौं | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: २०८०/६/२२ को कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: जग्गा वर्गीकरण मापदण्ड पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: दलित समन्वय समिति सम्बन्धी कार्यविधि, २०८० पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: नगरपालिका सम्पादित कार्य विवरण तयारी निर्देशिका, २०८० पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: सुकुम्बासी अव्यवस्थित जग्गा प्रगती सम्बन्धमा ।
प्रस्ताव नं.६: ठेक्का स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: मानसिक स्वास्थ्य सम्बन्धी नीति पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: वैदेशिक रोजगार व्यवस्थापन कार्यविधि, २०७८ लाई परिमार्जन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: दर्ता हुन बाँकी रहेका खानेपानी मुल दर्ता सम्बन्धमा ।
प्रस्ताव नं.१०: भूकम्प पीडित राहत सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.११: भेरिएसन स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: आलुको बिउ खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१३: शिक्षक कर्मचारी सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.१४: प्रधान अध्यापक अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१५: राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्बन्धमा ।
प्रस्ताव नं.१६: विषय परिवर्तन तथा सरुवा सहमति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१७: कक्षा घटाई बालविकास सहजकर्ता कोटा दिने सम्बन्धमा ।
प्रस्ताव नं.१८: माध्यमिक विद्यालयमा लेखा सहायक दरबन्दी वितरण सम्बन्धमा ।
प्रस्ताव नं.१९: सामुदायिक सिकाई केन्द्र सम्बन्धमा ।
प्रस्ताव नं.२०: दमौली अस्पताललाई स्तरीकरण गर्न जग्गा व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२१: औद्योगिक ग्राम सम्बन्धमा ।
प्रस्ताव न.२२: व्यास ३ स्थित भतेरी जग्गालाई अधिग्रहण सम्बन्धमा ।
प्रस्ताव नं.२३: प्रथम तहको सुनुवाई समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२४: जग्गा वर्गीकरणको पुनरावलोकन सम्बन्धमा ।
प्रस्ताव नं.२५: विद्यालयको लेखापरीक्षण पुनरावलोकन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२६: व्याज हर्जना मिनाहा सम्बन्धमा ।

निर्णयहरु:

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/६/२२ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा गरियो साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुको कार्यान्वयनका लागि सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा भू-उपयोग ऐन, २०७६ र नियमावली, २०७९ अनुसार यस नगरपालिका अन्तर्गतका जग्गाहरुलाई कृषि क्षेत्र र गैह्र कृषि क्षेत्रमा मात्र वर्गीकरण गरिएकोमा अन्य जग्गाहरुको वर्गीकरण एवं सडक मापदण्ड तय हुन बाँकी नै रहेकाले सो कार्यका लागि सम्बन्धित वडा समितिको सिफारिस एवं भू-उपयोग परिषद् समेतको कार्य अधिकार यस कार्यपालिकालाई भएकाले सडक मापदण्ड सहितको व्यास नगरपालिका जग्गा वर्गीकरण एवं सडक मापदण्ड निर्धारण सम्बन्धी कार्यविधि, २०८० पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल व्यास नगरपालिकाको ३९ औं नगर सभाबाट “दलितसँग नगर प्रमुख भन्ने नीति कार्यक्रम पारित भई आ.व.२०८०/०८१ का लागि बजेट कार्यक्रममा समेत रकम

विनियोजन भएकाले सो कार्यक्रमलाई व्यवस्थित, पारदर्शी एवं दलित सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्न व्यास नगरपालिका दलित समन्वय समिति सम्बन्धी कार्यविधि २०८०" पारित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.४:</u>** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट सम्पादित विभिन्न योजना तथा कार्यक्रमको विवरण अध्यावधिक गर्न आवश्यक देखिएकाले २०७४ जेष्ठ पछि सम्पन्न योजना तथा विभिन्न कार्यक्रमहरुको विवरण संकलन गरी तथ्याङ्क राख्न र अध्यावधिक गर्न आवश्यक देखिएकाले व्यास नगरपालिका सम्पादित कार्य विवरण तयारी निर्देशिका, २०८० पारित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.५:</u>** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको निवेदन संकलन गरी निस्सा वितरण भएकोमा हाल वडा नं. १४ र १३ को जग्गा नापी कार्य सञ्चालन भइरहेकोमा त्यसको प्रगति समीक्षा गरी देखिएका कमी कमजोरीलाई सुधार गरी छिटो, छरितो, विश्वासनीय नापी अभियानलाई अघि बढाउन नापी सम्पन्न भएका वडाहरुको नापी विवरण सहितको विवरण लिई नियमानुसार थप प्रकृया अघि बढाउन भूमि आयोग जिल्ला समितिसँग समन्वय गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.६:</u>** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा विभिन्न निर्माण/खरिद कार्यको लागि विद्युतीय बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आब्हान गरिएकोमा मुल्याङ्कन समितिको सिफारिसमा तपलिमा उल्लेखित बोलपत्र तथा दरभाउपत्र स्वीकृत गरी निर्माण तथा खरिद सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

| सि. नं | योजनाको नाम | फर्मको नाम | कबोल अंक (मू.अ.कर बाहेक) | घटी/बढी प्रतिशत |
|---|---|---|---|---|
| १ | कालिका मार्ग स्तरोन्नति योजना व्यास ८ (ठेक्का नं.०१/Works/vyasmun/ २०८०।०८१) | श्री मुभमेन्ट बिल्डर्स प्रा.लि. काठमाण्डौ | ७२,८६,१७०।०० | २८.५८ प्रतिशत रकम घटी |
| २ | वडा कार्यालय भवन निर्माण दोस्रो चरण व्यास १३ (ठेक्का नं.०२/ Works/vyasmun/२०८०।०८१) | श्री गणेश कन्स्ट्रक्सन व्यास ३ दमौली तनहुँ | २०,२४,४२७।३० | २३.४० प्रतिशत रकम घटी |
| ३ | मानहुँ सिद्धबाबा मन्दिर निर्माण (ठेक्का नं.०३/Works/vyasmun/२०८०।०८१) | श्री जि.के.थापा कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ | १६,९०,२०२।९५ | २०.६६८ प्रतिशत रकम घटी |
| ४ | बगालेटौवा वडा अफिस मार्ग निर्माण योजना (ठेक्का नं.०४/Works/ vyasmun/२०८०।०८१) | श्री मुभमेन्ट बिल्डर्स प्रा.लि. काठमाण्डौ २९ काठमाण्डौ | १३,४८,३१९।५५ | २०.९७ प्रतिशत रकम घटी |
| ५ | व्यास नगरपालिका क्षेत्रभित्र मादी नदीको नदिजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्ने कार्य (मादी नदी पक्की पुलदेखी शिशाघाट पुलसम्म, वडा नं. ५, ६ ७ र १०) (ठेक्का नं. ०४/ VYASREV/२०८०।०८१) | श्री सि.बि. कन्स्ट्रक्सन प्रा.लि. बनेपा ६ काभ्रेपलाञ्चोक | ३,०६,००,०००।०० | ३.२६ प्रतिशत अंक बढी |
| ६ | विभिन्न वडाहरुमा कृषकहरुको लागि ५० प्रतिशत अनुदानमा उन्नत जातको आलुको बिउ वितरण गर्ने कार्यको लागि बिउ खरिद | श्री खाद्यान्न तथा बिउ आलु, अलैंची तथा फलफूल नर्सरी उद्योग | १५,४२,६००।०० | १४.२९ प्रतिशत रकम घटी |

| | | | | |
|---|---|---|---|---|
| | | पनौती ३ काभ्रेपलाञ्चोक | | |
| ७ | नयाँवस्ती खानेपानी योजना (ठेक्का नं.०५/Works/vyasmun/२०८०।०८१) | श्री जि.के. थापा कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ | ३८,४२,८८५।०६ | २४.६५ प्रतिशत रकम घटी |
| ८ | विभिन्न वडाहरुमा कृषकहरुको लागि पशुपंक्षीको औषधी निशुल्क वितरण गर्ने कार्यको लागि औषधी खरिद | श्री सुबि भेटेरिनरी कन्सर्न भरतपुर १६ चितवन | ७,५२,०९०।०० | १६.४९ प्रतिशत रकम घटी |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र मानसिक स्वास्थ्य सम्बन्धमा सामी परियोजना, कोसिस संस्था लगायतबाट काम हुँदै आएकोमा व्यास नगरपालिकाबाट लिइने नीति एवं राष्ट्रिय नीति समेतलाई मध्यनजर गरी मानसिक स्वास्थ्य सम्बन्धी नीति आवश्यक देखिएकाले व्यास नगरपालिका मानसिक स्वास्थ्य सम्बन्धी नीति, २०८० पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र सुरक्षित वैदेशिक रोजगार कार्यक्रम (सामी परियोजना) सञ्चालित भई अन्य पालिकाहरुको समेत संयोजन गरिरहेकोमा तत्सम्बन्धी कार्यविधि, २०७८ लाई परिमार्जन गर्नुपर्ने आवश्यक देखिएको हुँदा वैदेशिक रोजगार सम्बन्धी कार्यविधि, २०७८ खारेज गरी व्यास नगरपालिका सुरक्षित वैदेशिक रोजगार सम्बन्धी कार्यविधि, २०८० पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्र सञ्चालित खानेपानी योजनाहरुको सबैको मुल दर्ता हुनुपर्नेमा केही योजनाहरुको मुल दर्ता हुन बाँकी देखिएकाले २०८० माघ मसान्तभित्र मुल दर्ता हुन बाँकी रहेका योजनाहरुको सम्बन्धित उपभोक्ता समिति मार्फत नियमानुसार मुल दर्ता गर्न सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा हालसालै जाजरकोट र रुकुम जिल्लामा आएको भूकम्पमा परी ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रद्धा-सुमन व्यक्त गर्दै घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना सहित भूकम्प पीडितहरुको राहत सहयोगका लागि यस नगरपालिका विपद् कोषबाट रु.५,००,०००। (पाँच लाख) सहयोग उपलब्ध गराउने निर्णय गरियो गरियो । साथै यस नगरपालिका भित्र पनि भूकम्पको धक्काका कारण केही घरहरु भत्किन गएको सूचना प्राप्त भएकाले सबै नगरबासी दाजु-भाइहरुलाई सुरक्षित रहन, कुनै विपद्जन्य अवस्था आइपरेमा नगरपालिकालाई सूचित गर्न अनुरोध गर्ने निर्णय गरिएको छ ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित एकीकृत जग्गा विकास आयोजनाको जग्गा सम्याउने तथा रिटेनिङ्ग स्ट्रक्चर निर्माण कार्य (ठेक्का नं. १/Works/२०७९/०८०) को लागि श्री विश्वास एण्ड वि.पु. कन्स्ट्रक्सन काठमाण्डौंसँग (मु.अ.कर समेत) रू.६२,४०,३७८/०९ मा पहिलो चरणको निर्माण कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भै निर्माण कार्य समेत सम्पन्न भएकोमा माटो कटिङ्ग, ग्याविन लगाउने कार्य लगायतको कामको परिमाणमा निर्मण कार्य गर्दै जाँदा आवश्यकता अनुसार हेरफेर भएको हुँदा कुल सम्झौता रकम भित्र रही परिमाणमा भएको भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** प्रस्ताव नं. १२ का सम्बन्धमा छलफल हुँदा आलुको बिउ अत्यधिक मात्रामा कृषकहरुबाट माग आएको हुँदा व्यास नगरपालिका आन्तरिक कोषबाट विनियोजित बजेटबाट खरिद प्रक्रिया अगाडि बढाउँदा करिब २५/२६ टन बिउ मात्र खरिद गर्न सकिने भएकोले थप माग सम्बोधनका लागि प्रधानमन्त्री

कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तरकारी पकेट क्षेत्रको निरन्तरताको लागि बजेट प्राप्त भएको तर अघिल्लो आ.व.२०७९/०८० को पहिलो चरणको कार्यक्रम नै सञ्चालन हुन नसकेको हुँदा यस आर्थिक वर्षमा प्राप्त रकमबाट नयाँ पकेट सञ्चालन कार्यक्रम अन्तर्गत समेत आवश्यक सम्बोधन गर्न कार्यपालिकाबाट अनुमोदन गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्रका शिक्षक तथा कर्मचारीहरुको सरुवा सम्बन्धित शाखाको सिफारिसमा निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं.१ मा श्रोत कक्षा सञ्चालित श्री बुद्ध दाहाल बहिरा प्राथमिक विद्यालयमा कार्यरत ४ वटै केन्द्रका आयाहरु मध्ये विविध कारण केन्द्रमा कार्यरत आयाहरुको सरुवा गर्नुपर्ने देखिएकोले स्थायी ठेगाना व्यास ९ भई हाल ऐ. विद्यालयमा कार्यरत आया श्री विष्णुमाया के.सी.लाई व्यास नगरपालिका वडा नं.७ स्थित श्री व्यास नगर समता विद्यालयमा साविक स्रोत कक्षा विद्यालयकै सेवा सुविधा उपभोग गर्ने गरी आवासीय कर्मचारीको कामकाजका लागि खटाउने निर्णय गरियो ।

(ख) व्यास नगर समता विद्यालय व्यास ७ शेषमटारमा कार्यरत संघीय अनुदानको स्रोतबाट तलब भत्ता खाने गरी नियुक्ति हुनु भएका कार्यालय सहयोगी सपना खनाल थापालाई श्री बुद्ध दाहाल बहिरा प्राथमिक विद्यालयमा साविक कै विद्यालयको सेवा सुविधा उपभोग गर्ने गरी कामकाजका लागि खटाउने निर्णय गरियो ।

(ग) श्री व्यास नगर समता विद्यालय व्यास ७ मा कार्यरत गणित विषयका शिक्षक साधना पन्तको मिति २०८०/७/१४ गतेको स्वेच्छिक राजिनामा पश्चात् रिक्त रहेको शिक्षक पदमा ऐ वडा स्थित श्री सरस्वती आधारभूत विद्यालयमा कार्यरत गणित विषयका शिक्षक श्री पुजा गुरुङ्गलाई व्यास नगर समता विद्यालयमा पदस्थापन सहित सोही विद्यालयकै सेवा सुविधा उपलब्ध हुने गरी कामकाजमा खटाउने निर्णय गरियो ।

(घ) श्री व्यास नगर समता विद्यालय व्यास ७ मा कामकाज गर्दै आउनु भएका शिक्षक सुस्मिता कंडेललाई वडा नं.९ स्थित श्री सरस्वती आधारभूत विद्यालयमा कामकाजका लागि खटाउन साथै विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार व्यास नगर समता विद्यालयमा मिति २०८० श्रावण २८ देखि नियमित उपस्थिति भई कामकाज गरेकोले तलब भत्ता उपलव्ध गराउन प्राप्त निवेदन अनुसार कामकाज गरेको मितिदेखि तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा श्री चण्डेश्वरी आधारभूत विद्यालय व्यास ११ मा रिक्त रहेको प्रधानाध्यापक पदका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार श्री श्रीप्रसाद न्यौपानेलाई प्रधानाध्यापक पदमा सिफारिस गरेकोले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सबै माध्यमिक विद्यालयहरु बीच कार्यविधि अनुसार तोकिएका खेलहरु सञ्चालन तथा छनौट गरी जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड खेलमा सिफारिस गर्न यस शैक्षिक सत्रका लागि श्री निर्मल माध्यमिक विद्यालय व्यास १ लाई छनौट गरी मंसिर ३० देखि पौष २ गतेसम्म खेल सम्पन्न हुने गरी आवश्यक कार्यार्थ नगर खेलकद समिति र शिक्षा तथा सामाजिक विकास शाखालाई जिम्मा दिने निर्णय गरियो । साथै उक्त खेलसँगै मेयर कप अन्तर मा.वि. छात्र भलिवल र उपप्रमुख कप अन्तर मा.वि. छात्रा भलिवल समेत सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा श्री सिद्धबेनी आधारभूत विद्यालय व्यास १३ मा कार्यरत निम्न माध्यमिक तह गणित विषयका स्थायी शिक्षक श्री शुक्रबहादुर रानाको मिति २०८०/७/१५ गतेको अनिवार्य अवकाश पश्चात् रिक्त रहेको दरबन्दीलाई विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार

अनिवार्य अंग्रेजी विषयको दरबन्दीमा परिवर्तन गरी बन्दिपुर गाउँपालिका स्थित श्री विष्णु माध्यमिक विद्यालयमा कार्यरत समान तह र समान विषयका स्थायी शिक्षक श्री रोदन थापालाई सरुवा भई आउन सहमति माग गरी पेश भएको निवेदनमा मिति २०८०/७/१५ को नगर प्रमुख स्तरको निर्णय अनुसार दिइएको सरुवा सहमति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा श्री कृष्णालय प्राथमिक विद्यालय व्यास ८ को विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार हाल उक्त विद्यालयमा बाल विकासदेखि कक्षा ५ सम्म कक्षा सञ्चालन भएको र जम्मा ५ जना मात्र विद्यार्थी देखिंदा साथै उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वैकल्पिक विद्यालय जान करिब १ घण्टाको दुरी रही जंगल बाटो समेत भएकाले उक्त विद्यालयलाई बाल विकासदेखि कक्षा ३ सम्म मात्र कायम गरी उक्त विद्यालय बाल विकास सहजकर्ता नभएकाले एक दरबन्दी कोटा उपलब्ध गराई उक्त विद्यालयका अन्य शिक्षकलाई नियमानुसार सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ स्थित श्री पराशर माध्यमिक विद्यालयले माध्यमिक तहको कक्षा सञ्चालनका लागि अनुमति प्राप्त गरी नियमित ३ पटक एस.ई.ई. परीक्षामा सहभागी भएको र विद्यार्थी संख्या उल्लेख्य रहेकोले विद्यालयमा कायम रहेको शिक्षक तथा कर्मचारी दरबन्दीले विद्यालयको लेखा प्रशासनको काममा समस्या रहेकोले लेखा सहायक पदको कर्मचारी व्यवस्थापनका लागि निवेदन प्राप्त भएकाले विद्यालयको माध्यमिक तहको अनुमति प्राप्त मिति २०७८/२/२६ भई सोही मितिबाट एस.ई.ई. परीक्षाको सहभागी भएको तथा विद्यालयको वार्षिक नतिजाका आधारमा संघीय अनुदानबाट प्राप्त स्रोतबाट व्यवस्थापन हुने गरी एक लेखा सहायक पदको दरबन्दी कायम गर्न सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९ :** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा शिक्षा तथा सामाजिक विकास शाखाको प्रस्ताव अनुसार यस नगरपालिका अन्तर्गतका सामुदायिक सिकाई केन्द्रलाई निम्नानुसार गर्ने गराउने निर्णय गरियो ।

(क) साना किसान सामुदायिक सिकाई केन्द्रको समिति विघटन गरी नयाँ समितिका लागि निर्देशन : व्यास नगरपालिका वडा नं.१४ स्थित साना किसान सामुदायिक सिकाई केन्द्रमा केन्द्रका अध्यक्ष श्री सरस्वती थापाको कार्य सम्पादन सन्तोषजनक नदेखिएकोले निजको अध्यक्षतामा बनेको समिति विघटन गरी भेलाको निर्णयानुसार केन्द्रको नयाँ समिति गठनका लागि शिक्षा तथा सामाजिक विकास शाखा मार्फत पत्राचार गर्न लगाउने र नवगठित समिति समक्ष नगद तथा जिन्सीको विवरण बरबुझारथ नगरेसम्म नेपाल बैंकमा रहेको खाता रोक्का राख्ने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका वडा नं.२ स्थित श्री चेतना सामुदायिक सिकाई केन्द्रमा कार्यरत सामाजिक परिचालिका श्री मनिषा पौडेलको मिति २०८०/७/१६ देखि लागू हुने गरी स्वेच्छिक राजिनामा आएकोले रिक्त सामाजिक परिचालक पदका लागि व्यास नगरपालिका वडा नं.११ स्थित श्री चण्डिका आधारभूत विद्यालयमा स्वयंसेवकको रपमा कार्यरत श्री मुना भट्टराईलाई चेतना सामुदायिक सिकाई केन्द्रको केन्द्र परिचालक पदमा पदस्थापन गर्ने निर्णय गरियो ।

(ग) सामुदायिक सिकाई केन्द्रका सामाजिक परिचालिकाहरुको पहिचानका लागि नगर कायपालिकाको निर्णयबाट पोशाक तथा परिचय-पत्र व्यवस्थापनका लागि शिक्षा तथा सामाजिक विकास शाखामा निवेदन प्राप्त भएकोले व्यास नगरपालिका अन्तर्गतका ८ वटै सामुदायिक सिकाई केन्द्रका सामाजिक परिचालिकाहरुलाई मासिक तलव भत्ता तथा कार्यक्रम सञ्चालन गर्नका लागि एकमुष्ट निकासा गरिएको रू.२,५०,०००। मध्येबाट नियमित तलब भत्ता बाहेकको रकमबाट रू.७,०००। नबढ्ने गरी पोशाक तथा परिचय-पत्र व्यवस्थापनका लागि खर्च गर्न पाउने गरी अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छफल हुँदा व्यास नगरपालिका वडा नं.३ दमौलीमा रहेको गण्डकी प्रदेश सरकार मातहतको दमौली अस्पताल हाल १५ शैयाको रहेको, जिल्लाको सदरमुकाममा रहेको उक्त अस्पतालमा व्यास नगरपालिका पुरै र रिसिङ्ग, देवघाट, बन्दिपुर, भानु, म्याग्देका अधिकांश नागरिकले सेवा लिने, पृथ्वी राजमार्गको ७२ कि.मि. बाटो व्यास मार्ग, बुद्धसिंह मार्ग लगायतका बाटाहरुको निकास भएको यस अस्पताललाई तत्काल ५० शैयाको स्तरोन्नति गर्न आवश्यक देखिएकाले हाल अस्पतालसँग जोडिएको ऐलानी प्रति जग्गा अस्पतालदेखि पूर्व रहेको जिल्ला प्रहरी प्रमुखको (अन्दाजी ३ रोपनी जग्गा) निवास समेत उक्त अस्पतालमा समावेश गरी हाल जिल्ला प्रहरी कार्यालय रहेको भवनदेखि पूर्व तर्फ कृषि सामग्री संस्थानको करिव ७ रोपनी जग्गा रहेकोमा उक्त जग्गाको अधिकांश भाग भाडामा लगाइएको देखिंदा उक्त जग्गा मध्ये ३ रोपनी जग्गा जिल्ला प्रहरी कार्यालय तनहुँलाई उपलब्ध गराउन जिल्ला समन्वय समितिलाई गण्डकी प्रदेश सरकार र संघीय सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१ :** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ चिन्टुटारमा औद्योगिक ग्रामको प्रस्ताव पेश भएकोमा सो सम्बन्धमा सम्बन्धित मन्त्रालयमा ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ स्थित भतेरीको करिब २०० रोपनी जग्गा विभिन्न व्यक्तिको रहेको उक्त जग्गा अधिग्रहण सम्बन्धमा यस अघि नगरपालिकाले प्रस्ताव अघि बढाएकोमा उक्त प्रस्तावलाई पुनरावलोकन गरी कानुनी प्रावधान अनुसार अधिग्रहण प्रकृया अघि बढाउने र उक्त अधिग्रहण गर्दा संघीय तथा प्रदेश सरकारसँग आर्थिक श्रोत समेत माग गर्ने प्रस्ताव तयार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल यस नगरपालिकामा सञ्चालित नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) अन्तर्गत कार्यान्वयन हुने सडक निर्माणका सन्दर्भमा उक्त सडकमा निर्माण अघि र निर्माणका क्रममा कुनै पनि प्रकारका समस्याहरु/गुनासाहरु आए सोको समाधानका लागि आयोजनाको मापदण्ड अनुसार तपसिलमा उल्लेखित प्रथम तहको गुनासो सुनुवाई समिति (Grievance Redress Committee) गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. श्री दलबहादुर दुरा, वडा अध्यक्ष | – संयोजक |
| २. श्री निला घिमिरे, कार्यपालिका सदस्य | – सदस्य |
| ३. श्री इश्वर पौडेल, वडा सदस्य | – सदस्य |
| ४. श्री सन्तोष जि.सी., वडा सदस्य | – सदस्य |
| ५. श्री नविन पराजुली, सामाजिक विकास शाखा | – सदस्य |
| ६. श्री रोचक क्षेत्री, NUGIP हेर्न ईन्जिनियर | – सदस्य |
| ७. डा.राजु पौडेल (सिनियर ईन्जिनियर) योजना तथा पूर्वाधार विकास शाखा | – सदस्य-सचिव |

आमन्त्रित सदस्य

| | |
|---|---|
| १. सडक प्रभावित व्यक्तिको तर्फबाट प्रतिनिधित्व गर्ने महिला प्रतिनिधि १ जना | – सदस्य |
| २. निर्माण व्ययवसायीको तर्फबाट प्रतिनिधि | – सदस्य |
| ३. Consultant Design & Supervision Consultant, वातावरण विशेषज्ञ | – सदस्य |
| ४. Consultant Design & Supervision Consultant, सामाजिक सुरक्षा विशेषज्ञ | – सदस्य |
| ५. Consultant Design & Supervision Consultant, ईन्जिनियर | – सदस्य |

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित जग्गाको यस अवधिको वर्गीकरणलाई पुनरावलोकन गरी निम्नानुसार वर्गीकरण गर्ने निर्णय गरियो ।

**वडा नं.६**

- सेवक कार्कीको श्याम्घा - ३/घ कि.नं.५७५, ५७७, ५७८ कृषिवाट गैह्र कृषि हुनुपर्ने ।
- भेषबहादुर क्षेत्रीको नाममा रहेको साविक श्याम्घा नक्सा नं.१/घ कि.नं.१७, ३२ र ५१ को जग्गा कृषिबाट गैह्र कृषि हुनुपर्ने ।

**वडा नं.८**

- अर्जुनकुमार शाहीको कर्लुङ ८/क कि.नं.५२१ कृषिवाट गैह्र कृषि हुनुपर्ने ।

**वडा नं.१०**

- खड्कबहादुर गुरुङ र राजु नेपालीको नाममा रहेको फराकचौर ३/घ साविकको कि.नं.२२८ बाट ४२९,४३० कि.नं. कृषिबाट गैह्र कृषि गराउने ।
- देवीप्रसाद गौडेल साविक फराकचौर नक्सा नं.८/ख कि.नं.१, २, ३, ४ भएको जग्गा कृषिबाट गैह्र कृषि हुनुपर्ने ।

**वडा नं.१२**

- ऋषिराम पण्डित कर्लुङ ८/क साविक ११० कित्ता, हाल ५२१,५२२ को कित्ताहरु कृषिबाट गैह्र कृषि गराउन पर्ने ।
- राजेन्द्र पन्त कर्लुङ ८/ख कि.नं.११८ को कित्ता कृषिबाट गैह्र कृषि गराउन पर्ने ।
- अमृतबहादुर खत्री र सम्शेर खत्रीको नाउँमा रहेको मैवल ३/च कि.नं.१५२, र १०० को कित्ता गैह्र कृषिबाट कृषिमा गराउनु पर्ने ।

**वडा नं.१३**

- हेमकुमारी सर्किनी केशवटार ७/क ३५९ र ३६३ कृषिबाट गैह्र कृषि हुनुपर्ने ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा व्यास १० अन्तर्गत रहेको श्री जनता आधारभूत विद्यालय पोखेलफाँटको मिति २०८०/०६/१९ गतेको प्राप्त पत्रानुसार आ.व.२०७६/०७७ देखि २०७८/०७९ सम्मको लेखापरीक्षण भएतापनि उक्त लेखापरीक्षण प्रतिवेदनलाई पुनरावलोकन गरी पेश गर्न व्यास नगरपालिका आन्तरिक लेखापरीक्षण शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमाव्यास १ निवासी हाइस्कुलटार टोल विकास संस्थाको तत्कालिन अध्यक्ष श्री सहविर उचाईले साझेदारी सम्बन्धी कोषबाट रू.१०,००,०००। (दश लाख) ऋण लिनुभई साँवा भुक्तानी गर्नु भएकाले काबु बाहिरको परिस्थिति परेकाले व्याज हर्जना मिनाहा गरी पाउँ भनि निवेदन पर्न आई सम्बन्धित उपशाखाले सिफारिस समेत गरेकाले कार्यविधि अनुसार व्याज हर्जना मिनाहा गर्ने निर्णय गरियो ।